मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीको प्रदेश सीटीईभीटीकी निर्देशक लामाको सपथ

हेटौंडा, १७ पुस/बागमती प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभीटी)को प्रमुख कार्यकारीनिर्देशक शान्ति लामाले पद तथा गोपनीयताको शपथ ग्रहण गरेकी छिन् ।

बुधबार प्रदेशकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले निर्देशक लामालाई पद तथा गोपनीयताको शपथग्रहण गराएकी हुन् । गत ११ पुसमा बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले लामालाई प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को प्रमुख कार्यकारीनिर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो ।

नियुक्त भएकी म्यागङ गाउँपालिका-४ नुवाकोटकी लामालाई बुधबार शपथग्रहण गराइएको हो । लामा नेपाली कांग्रेस नुवाकोटको महाधिवेशन समिति सदस्य हुन् भने २०७४ को स्थानीय तह निर्वाचनमा म्यागङ गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित भएकी थिइन् ।

# राक्सिराङमा चेपाङ संग्रहालय चैतभित्र तयार हुँदै

साझाकुरा संवाददाता



हेटौंडा, १७ पुस/ चेपाङ समुदायको पहिचान र संस्कृतिसँग जोडिएका सामानहरु संग्रहालयमा अवलोकनका लागि राख्न राक्सिराङ गाउँपालिकाले संग्रहालय भवन निर्माण गरिरहेको छ ।

चेपाङ बाहुल्य रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ समुदायमा परापूर्वकालदेखि प्रयोग गर्दै आएको तर, लोपोन्मुख अवस्थामा रहेका सामग्रीहरु अवलोकनका लागि राख्न चेपाङ संग्रहालय निर्माण गरेको हो । उनीहरुले विगतमा प्रयोग गरेका तर, अहिले लोप हुने अवस्थामा पुगेका सामग्रीहरु संरक्षण गर्ने उद्देश्यले गाउँपालिकाले ठूलै लगानीमा संग्रहालय निर्माण गरिरहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।

राक्सिराङ गाउँपालिका-५ चैनपुरमा ३ करोड ६३ लाख रुपैयाँको लागतमा संग्रहालय भवनको निर्माणकार्य अन्तिम चरणमा पुगेको अध्यक्ष मल्लले बताए । तीन तले भवनको तल्लो तलामा चेपाङ समुदायले विगतदेखि वर्तमानसम्म प्रयोग गर्दै आइरहेका र उनीहरुको संस्कृति र पहिचान झल्कने सामग्री राखिने भएको छ । हालसम्म ८० प्रतिशत काम सकिएको र आगामी चैतसम्ममा संग्रहालय निर्माणकार्य पूरा हुने गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिएका छन् ।

राक्सिराङ गाउँपालिकाको केन्द्रसमेत रहेको चैनपुरमा विगतमा चेपाङ संग्रहालय संचालनमा थियो । अवलोकन र अध्ययनका लागि विभिन्न स्थानबाट मानिसहरु आउने गर्थे । २०७२ सालमा आएको भूकम्पले संग्रहालय भवनमा क्षति पुऱ्याएको थियो । भवनको मर्मत र सम्भारकार्य हेटौंडाका दिलीप वानियाँको आर्थिक सहयोगमा रोटरी क्लब अफ मकवानपुरले गरेको थियो । बिगतमा सुरुवात मात्रै भएको र त्यसैलाई ब्यवस्थित बनाउनका लागि भवन निर्माणकार्य भइरहेको गाउँपालिकाले जनाएको छ ।

भवन जीर्ण हुँदै गएकाले २०७८ साउनदेखि नयाँ भवन निर्माणकार्य सुरु गरेको हो । तत्कालीन जिल्ला विकास समितिको सहयोगमा चैनपुरमा २०६७ सालदेखि चेपाङ संग्रहालय स्थापना गरिएको थियो । चेपाङ समुदायका पूर्वजहरुले प्रयोग गर्ने जाबीझोला, हलो, कुटो, कोदालो, सिप्रिङ, भुर्लुङ, ठेकी, कोसी, घुमलगायत सामग्री राख्ने योजना रहेको नेपाल चेपाङ संघ मकवानपुरले जनाएको छ । चेपाङ जातिको भेषभूषा, आभूषण, रीतिरिवाजमा प्रयोग गरिने सामग्रीहरु राखिने योजना रहेको बताइएको छ ।

चेपाङ समुदायको कला, साहित्य, भाषा, संस्कृति, रहनसहन, भेषभूषा, परम्परा, दैनिक जीवनयापनका कुरा लोप हुने अवस्था आउन नदिन गाउँपालिकाको आफ्नै स्रोतमा संग्रहालय भवन निर्माण सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले साझाकुरालाई बताए । चेपाङ समुदायले खोरियामा उत्पादन गरेका कन्दमूल, गेडागुडी, चिउरीको घीउ, मह, अंमृसोको कुचो, खरेटो आदि बिक्री गर्ने कोसेली घरको रुपमा पनि संग्रहालयलाई प्रयोग गरिने गर्तौलाले बताए ।

आन्तरिक पर्यटकका लागि चेपाङ संस्कृतिबारे जानकारी गराउने र अर्गानिक बस्तु कोसेलीका रुपमा लिएर जानसक्ने गरी संग्रहालय संचालनमा ल्याइने योजना रहेको छ । बिगतमा चेपाङ विकास कार्यक्रम अर्न्तगत संग्रहालयको सुरुवात गरिएको भएपनि मुलुक संघीयतामा गएपछि स्थानीय सरकारको जिम्मेवारीमा आएको हो । २०७८ साउनबाट निर्माण सुरु भएको संग्रहालय भवन कलात्मक रहेको छ ।

चेपाङ समुदायले जंगलमा पाइने कन्दमूल र खोलाको माछा मारेर दैनिक जीवनयापन गर्दै आएका छन् । नेपालमा करिब ७२ हजार जनसंख्या रहेको चेपाङ समुदायको मुख्य बसोबास भने चितवन, धादिङ, मकवानपुर र गोर्खा हो । पछिल्ला वर्षहरुमा अधिकांश चेपाङ समुदायले आफ्नो मौलिक र परम्परागत धर्म परिवर्तन गरी क्रिश्चियन धर्ममा लागेका छन् ।

# जापान-कोरियाबाट पैसा पठाएर गाउँका वृद्धवृद्धालाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरगढी गाउँपालिका-६ डुम्रेकुनामा बुधबार ४१ जना वृद्धवृद्धा जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरिएको छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले ९८ वर्षका पदमबहादुर खड्कालाई न्यानो कपडा हस्तान्तरण गर्दै कार्यक्रमको सुरुवात गरेका थिए । जापान–कोरिया समाज मकवानपुरगढी नामक संस्थाको सहयोगमा न्यानो कपडा वितरण गरिएको हो । विदेशमा बसेर गाउँघरका बाआमालाई सम्झेर सहयोगी हात बढाएको प्रति आभार व्यक्त गर्दै अध्यक्ष स्याङ्तानले युवाले विदेशमा सिकेको सीपलाई अब गाउँघरमा प्रयोग गर्नुपर्ने बताए ।

कृषि र पशुपालनक्षेत्रमा राम्रो आम्दानी लिन सकिने भन्दै विदेश भन्दा गाउँमै केही गर्नुपर्ने उनले आग्रह गरे । त्यस्तै वडाअध्यक्ष कृष्णप्रसाद बजगाईले वडामा जेष्ठनागरिकको संख्या धेरै रहेता पनि सामाजिक सुरक्षाभत्ता खानेमध्ये गाउँघरमै बसोबास गर्नेलाई पहिलो प्राथमिकतामा राखेर न्यानो कपडा वितरण गरिएको बताए । संस्थासँग वडाले आवश्यक समन्वय गरिरहेकोले छुटेका बाआमालाई अर्को चरणको कार्यक्रममा समेट्ने बताए ।

जेष्ठनागरिक पदमबहादुर खड्काको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष स्याङ्तानको प्रमुख आतिथ्यतामा गरिएको कार्यक्रममा वडाअध्यक्ष बजगाई, वडासदस्यहरु जीतबहादुर घलान, रणकुमारी परियार, शेरबहादुर लामा, वडासचिव सागर लामालगायतको आतिथ्यता रहेको थियो ।

'हाम्रो यो पहिलो प्रयास हो, आगामी दिनमा थप सहयोग प्रदान गर्ने छौं' कार्यक्रम संयोजक अशोक स्याङ्तानले भने । हाल ५ जना जापान र दुईजना दक्षिण कोरियाका गरी सात जनाको सहयोगमा न्यानो कपडा प्रदान गरिएको उनले बताए । आगामी दिनमा थप साथीहरुलाई पनि समेट्दै गाउँपालिकाभित्रका आर्थिक विपन्न परिवारलाई समेत हुने गरी सहयोग गर्ने तयारी रहेको स्याङ्तानले बताए ।

यस अभियानलाई व्यवस्थित बनाउन सोमबहादुर स्याङ्तानको भूमिका महत्वपूर्ण रहेको उनले सम्झिए । यस अभियानमा व्यवस्थापक सोमबहादुर (जापान), कार्यक्रमसंयोजक अशोक (जापान), सहयोगीहरुमा जापानबाट एञ्जल दाहाल, निरोज पुडासैनी र अविन सुवेदी, दक्षिण कोरियाबाट सन्तोष स्याङ्तान र सूर्यबहादुर लुङ्बाले सहयोग गरेको वडाअध्यक्ष बजगाईले जानकारी दिए । सबै सहयोगी हातहरु वडा नं. ६ निवासी रहेका छन् ।

# मकवानपुरमा मनाइयो राष्ट्रिय टोपी दिवस



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरमा १२ औं अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाइएको छ । नेपाली संस्कृति, परम्परा र राष्ट्रिय पहिचानको रुपमा रहेको नेपाली टोपीको महत्व र गरिमालाई कायम राख्न मकवानपुरका विभिन्न ठाउँमा टोपी दिवसका अबसरमा कार्यक्रम आयोजना भएका छन् ।

लियो क्लब अफ हेटौंडा भुटनदेवी सेन्टिनियल, लियो लाइन्स क्लब अफ हेटौंडा स्वर्णिम भविष्य र लियो जिल्ला परिषद् नेपाल एरिया-२ को संयुक्त आयोजनामा हेटौंडामा बुधवार कार्यक्रम आयोजना गरिएको छ । नितेश राईको सभाध्यक्षतामा र हेटौंडा उपमहानगर पालिका-४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । हुप्रचौर बाट सुरु भएको ऱ्याली शितलमहल चोक, पारिजातपथ र सीमाचोक हुँदै मेनरोड भएर बुद्धचोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

वडाध्यक्ष सिग्देलले नेपाली टोपीलाई एउटा पोशाकका रुपमा मात्र नहेरी यसलाई नेपाली स्वाभिमान, संस्कृति र इतिहासको जीवन्त प्रतीकका रुपमा हेर्नुपर्ने आवश्यकतामा जोड दिए । उनले नेपाली टोपीको प्रवर्द्धनले व्यापार र पर्यटन क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताए ।

हेटौंडा उपमहानगर पालिका पूर्वमेयर हरिबहादुर महतले टोपी दिवसको शुभकामना दिँदै यस परम्परागत् पहिचान संरक्षण र सम्बर्द्धन गर्न सबै नेपालीको साझा दायित्व रहेको बताए । ऱ्याली र कोणसभा कार्यक्रममा 'टोपी लगाऔं, राष्ट्रियता जोगाऔं' र 'हाम्रो शान, हाम्रो पहिचान: नेपाली टोपी' जस्ता नारा घन्किएको थियो ।

कार्यक्रममा करिब २ सय भन्दा बढी टोपी नि:शुल्क वितरण गरिएको थियो । अभियानले नेपाली टोपीको संरक्षण र प्रवर्द्धन गर्दै राष्ट्रिय पहिचान र एकतालाई बलियो बनाउने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । कार्यक्रमका सहभागीले ढाका टोपी र भादगाउँले कालो टोपीलाई राष्ट्रिय पहिचानको आधिकारिक प्रतीकका रुपमा मान्यता दिन सरकारसँग माग गरे ।

# हेटौंडामा स्टक ब्रोकर-४८ को शाखा खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ हेटौंडामा शेयर ब्रोकरको नयाँ शाखा खुलेको छ । हेटौंडा उपमहानगर पालिका-४ पारिजातपथ एसके भवनमा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेड ब्रोकर नम्बर-४८ को शाखा खुलेको हो ।

बुधबार बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले शाखा कार्यालयको उद्घाटन गरेका हुन् । कार्यक्रममा त्रिशक्ति सेक्युरिटिज पब्लिक लिमिटेडका प्रबन्ध निर्देशक गोविन्द दाहाल, कार्यकारी संचालक मनोज खड्का, संस्थापक गयाप्रसाद श्रेष्ठ, उद्योग वाणिज्य संघ मकवानपुरका पदाधिकारी, समाजसेवी ह्यग्रीव आचार्यलगायत लगानीकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

आमनागरिकमा शेयर बजारप्रतिको आकर्षण बढेको र लगानीकर्ताको हितको लागि व्यवस्थपित रुपमा हेटौंडामा चौथो शाखा विस्तार गरिएको कम्पनीका प्रबन्ध निर्देशक दाहालले बताए । आउँदो दिनमा साढे २ अर्ब पुँजी पुऱ्याउने लक्ष्यसहित देशको विभिन्न ठाउँमा शाखा विस्तार गर्दै लैजाने दाहालले बताए । कम्पनीको उद्घाटनसँगै शाखाले मेरो शेयर र डिम्याट खाता खोल्ने, शेयर खरिद बिक्री तथा निक्षेप सदस्य सेवा सुचारु गरेको कम्पनीका हेटौंडा शाखाप्रमुख बिमल सञ्जेलले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# बफरजोनबासीको पीडा

मकवानपुरको मनहरी गाउँपालिका मुलुकको दुईवटा राष्ट्रिय निकुञ्जसँग सीमा जोडिएको छ । हेटौंडा उपमहानगरका दुईवटा वडा एक राष्ट्रिय निकुञ्जको सीमानामा रहेको छ । यसैकारण हेटौंडामा भन्दा मनहरीमा जंगली जनावरको जोखि बढी छ । मनहरीको सबै वडा जंगली जनावरको जोखिममा रहेको छ । हरेक साल दुर्ईतीन जनाले अनाहकमा जंगली जनावरको आक्रमणबाट ज्यान गुमाइरहेका छन् । यो प्रदेशको राजधानी भएको क्षेत्रको समस्या हो । नेपालका कतिपय दुरदराजका ग्रामीण क्षेत्रमा जंगली जनावरले दिनुसम्मको दु:ख र पीडा स्थानीयलाई दिएको छ । मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा घाँस काट्न गएकी महिलाको ज्यान लिने बाघलाई मंगलबार साँझ नियन्त्रणमा लिइएको छ । चारवटा हात्ती र चितवन तथा पर्सा राष्ट्रिय निकुञ्चको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृत अवस्थामा आइतबार राति करिब १० बजे घर नजिकैको बारीमा भेटिएकी थिइन् ।

बाघले सोमबार बिहान बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको थियो । दुईवटा घटनापछि बसन्तपुरबासी त्रसित बनेका थिए । मनहरीमा बाघ, हात्तीलगायतका वन्यजन्तुको आतंक विगतदेखि नै छ । ४ महिनाअघि मात्रै मनहरी-६ प्रतापुरमा भैंसीले बाघ मारेको थियो । गत ५ भदौमा मनहरी-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो । चितवन राष्ट्रिय निकुञ्जको पूर्वीक्षेत्र मध्यवर्ती वनसँग मनहरी जोडिएकाले यहाँ हरेक वर्ष वन्यजन्तुको आक्रमणले जनधनको क्षति हुँदै आएको छ । स्थानीयले वन्यजन्तुको जोखिम न्युनीकरणका लागि तारबार लगाएर बस्ती क्षेत्रको संरक्षणको माग गर्दै आएपनि राज्यले ध्यान दिएको छैन । मनहरीको पश्चिम क्षेत्रमा पटक-पटक हात्तीले पनि क्षति गर्ने गरेको छ । मनहरी गाउँपालिकाको हेटौंडा उपमहानगरसँग सीमा जोडिएको पूर्वीक्षेत्र पर्सा राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । पर्सा निकुञ्जबाट आएका वन्यजन्तुले पनि मनहरी-१ देखि ४ नम्बर वडा र हेटौंडाको १२,१३,१४ नम्बर वडामा आंतक मच्याउँदै आएका छन् । १५ पुस सोमबार दिउँस २ बजेबाट बाघको खोजीका लागि निकुञ्ज शुरक्षार्थ मनहरी गाउँपालिका-३ लामिटार वेशबाट खटिएको नेपाली सेनाको ४ वटा हात्ती सहितको टोली, चितवन राष्ट्रिय निकुञ्जबाट खटिएको बाघ नियन्त्रण प्राविधिक टोली ४ जना र पर्सा राष्ट्रिय निकुञ्जको टोलीले बाघलाई नियन्त्रणमा लिन सफल भएको हो । घटना भएको क्षेत्रमै बाघ रहेको पाइएको छ । बाघलाई खोजी गर्ने क्रममा बुधबार साँझ ७ बजेको समयमा मनहरी-५ बसन्तपुरस्थित सुकौराखोलामा एम्बुस थापेर बन्दुकबाट लट्याउने सुई लगाई (डार्ट विधि)द्वारा नियन्त्रणमा लिइएको हो । बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज लगिएको छ ।

मध्यवर्ती क्षेत्रका बासिन्दा र जंगली जनावरबीचको लडाईं बढेपछि मकवानपुरका सांसद महेशकुमार बर्तौलाले यो समस्या समाधानको उपाय कानुनी बिधिबाट गर्ने काम भइरहेको बताउँछन् । जंगली जनावर संरक्षण गर्ने विषय अन्तर्राष्ट्रिय चासोको विषय हो । नेपालको तीने तहका सरकारले यो समस्या तत्काल समाधान गर्न सक्ने अवस्था छैन । बफरजोनका बासिन्दा र जंगली जनावरबीचको द्वन्द्व कम गर्ने बैज्ञानिक उपाय खोजी गर्ने बाहेक तत्काल समस्या समाधान गर्ने सम्भावना स्थानीयले देखेका छैनन् । जंगली जनावर गाउँ पसेको हल्ला चलेपछि स्थानीय विद्यालयमा पठनपाठन समेत प्रभाबित हुने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १९ गते शुक्रबार ३ जनवरी २०२५ । चतुर्थी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | **तुला** | : व्यापारमा फाइदा मिल्नेछ |
| **वृष** | : समय उत्साहवर्द्धक छ | **वृश्चिक** | : इनाम हात पर्नेछ |
| **मिथुन** | : आम्दानी बढ्नेछ | **धनु** | : श्रम खेर जानेछ |
| **कर्कट** | : पितृधन लाभ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : नयाँ ज्ञान प्राप्त हुनेछ | **कुम्भ** | : उत्साहमा कमी आउनेछ |
| **कन्या** | : कृषिमा हानि हुनेछ | **मीन** | : आफन्तबाट धोका हुनेछ |

# बिचौलियाको जालो नतोडिँदा कुशासन



✍ सागर पण्डित

जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान सबै सरकार र सरकार चलाउनेहरु माथि चरितार्थ हुँदै आएको छ । हामीकहाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापना भएपछि पनि धेरै सरकारहरु बनिसकेका छन् । तर ती सबै सरकारहरु शासकीय व्यवस्थाको मूल्य र मान्यता स्थापित गर्न असफल हुँदै आएका छन् ।

संसद्का सबैभन्दा ठूला राजनीतिक दल कांग्रेस र एमालेले मुलुकमा देखिएको संकट समाधान गर्न र संविधान संशोधन गर्न भन्दै बनाएको यो सरकार पनि पुरानै सरकारजस्तै यथास्थितिवादीमा रुपान्तरण भइरहेको छ । सरकारले आम जनतामा कुनै प्रकारको नयाँपन र आशाको सञ्चार दिन सकेको छैन । त्यसैले जनताले भनिरहेका छन्- 'जुन जोगी आए पनि कानै चिरेका ।' यसअघिको पुष्पकमल दाहाल नेतृत्वको सरकार पनि जनतामा आशा जगाउन असफल भएको थियो । दाहालको सरकारले पनि जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारसम्बन्धी समस्या समाधान गर्ने विषयमा कुनै काम गर्न सकेको थिएन । अहिलेको सरकार पनि करिब-करिब त्यही पथमा अघि बढिरहेको छ । यदि वर्तमान सरकारले जनताका तमाम समस्या समाधान गर्न नसक्ने र परम्परागत रुपमा नै काम गरिरहने हो भने २०८४ को निर्वाचनमा कांग्रेस र एमालेले सर्मनाक हार व्यहोर्नुपर्ने निश्चित छ । त्यसैले उनीहरुले बेलैमा सचेत हुन जरुरी छ ।

आम जनतामा किन र कसका कारण यति धेरै निराशा र आक्रोश पैदा भयो भन्नेमा सत्तारुढ र प्रमुख प्रतिपक्षीलगायतका दलहरुले ठण्डा दिमागले सोच्ने र छलफल गर्ने काम कहिल्यै पनि गरेको देखिँदैन । जनताका मुख्य समस्यालाई केन्द्रविन्दुमा राखेर सरकारमा रहनेहरुले छलफल गर्दैनन् । उनीहरुको त कसरी हुन्छ सत्ता र शक्ति जोगाउने तथा विभिन्न सरकारी निकायमा आफ्ना आसेपासे र हनुमानहरुलाई फिट गर्ने भन्नेमा नै बित्ने गर्छ । यस प्रकारको उनीहरुको कार्यशैलीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामाथि नै गम्भीर प्रश्नचिह्नहरु उठिरहेका छन् भने यो शासन व्यवस्था उल्टाउन खोज्ने शक्तिहरुलाई बल मिलिरहेको छ ।

अहिले सबैतिर भनिने र गुनासो गरिने विषय भनेकै नेपालमा कोही पनि इमानदार भएनन्, सदाचारी भएनन्, त्यसैले देश खत्तम भयो । हुन पनि यस्ता गुनासाहरु सही छन् । देश हाँक्ने मुख्य जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्वमा नैतिकता, इमानदारिता र सदाचारिता हराउन थालेको छ । उनीहरु प्राय: सबैजना बिचौलिया र माफियाकै संगतमा रमाइरहेका छन् । यसका कारण जनताको समस्या ज्यूँका त्यूँ र झनै बढ्दो छ । मुलुकमा सुशासन र विकासको मार्ग अवरुद्ध हुन पुगेको छ । सिंहदरबार र बालुवाटारमा बस्नेहरु सच्चिने छाँटकाँट देखिँदैन । त्यहाँ बसेका शासकहरुले बाहिर रहेको जनसंसार पूर्णरुपमा बिर्सने गरेका छन् । अर्कोतर्फ सेवा सञ्चालन गर्ने निकायले प्रभावकारी सेवा प्रवाह गर्न नसके पनि उनीहरुलाई कुनै कारबाही गरिँदैन । सरकारी क्षेत्रमा दण्डहीनता अत्यधिक मौलाउँदो छ । जसले जे-जस्ता अपराध गरे पनि छुट दिने गलत प्रवृत्तिले गर्दा सरकारी सेवा पनि पक्षघातले ग्रसित हुन पुगेको छ । धेरैजसो सरकारी निकायमा सेवाग्राहीले ठूलो सास्ती र दु:ख व्यहोर्नुपर्छ भने ती सरकारी कार्यालयमा सेवा लिन बिचौलियाको भर पर्नुपर्ने बाध्यता छ ।

२०६२/६३ सालको जनआन्दोलनको सफलतासँगै हालसम्म निरन्तर सत्तामा रहँदै आएका कांग्रेस, माओवादी केन्द्र र एमालेले विगत १८ वर्षमा शासकीय सक्षमता प्रमाणित गर्न नसकेको यथार्थ कसैसामु छिपेको छैन । यो अवधिमा मुलुकले शान्ति प्रक्रियालाई सफलतापूर्वक अवतरण गर्न सकेको भए पनि मुलुकको विकास, सुशासन र समृद्धिको अवस्थालाई हेर्दा सरकार र शासकहरु पूर्णरुपमा असफल हुँदै आइरहेको तथ्य जगजाहेर नै छ । यो सबै शासकहरुमा देखिएको सदाचारिताकै अभाव हो । जबसम्म शासकहरु सदाचारी बन्न सक्दैनन् तबसम्म मुलुकले यस्तै अधोगति व्यहोर्नुपर्ने अवस्था आइरहन्छ । अझै पनि रोग, भोक र गरिबीका कारण यहाँका कैयौँ नागरिक आक्रान्त छन् । विकट गाउँघरमा सिटामोल र जीवनजलसमेत नपाएर कैयौँ नागरिक अकाल मृत्युवरण गर्न बाध्य छन् । कुनै प्रकोप र प्राकृतिक संकट आएमा त्यसको सबैभन्दा बढी मार गरिब, विपन्न परिवारले भोग्नुपर्ने अवस्था छ । बाटोघाटोको दुर्दशाका कारण हुने सडक दुर्घटनाबाट समेत कैयौँ नागरिक अकालमा मर्न विवश भइरहेका छन् । रोजगारीको अभावमा लाखौँ युवायुवती वार्षिकरुपमा विदेशिनुपरेको पीडादायी अवस्था छ ।

लोकतन्त्रमा सबै नागरिकले विकास र अवसरको फल समानरुपमा पाउनुपर्ने हो । तर त्यस्तो हुन नसक्दा हामीकहाँ धनी र गरिबबीचको खाडल झन्-झन् गहिरिँदै छ । धनीहरु झन्-झन् धनी र गरिबहरु झन्-झन् गरिब हुनुपर्ने दु:खदायी अवस्था छ । यो सबै हाम्रा शासक र सरकारहरुले देखाउँदै आएको भ्रष्ट चरित्रको उपज हो । साथै उनीहरुको भ्रष्ट चरित्रले सिर्जना गरेको समस्या हो । चाहे भूकम्प होस्, चाहे बाढीपहिरो किन नहोस्, त्यसले सबैभन्दा बढी क्षति विपन्न र गरिब घरपरिवारलाई नै पुऱ्याउँदै आइरहेको छ । हामीकहाँ जनतालाई समृद्ध र धनी बनाउने विषय शासकको दिमागमा कहिल्यै पनि आउँदैन । त्यसैले पनि गरिब जनता सधैँ गरिबीको दुश्चक्रमा पिल्सिएर बस्न र विभिन्न खाले विपत्तिको सामना गर्न विवश छन् । चारैतिर निराशाको बादल मडारिरहेको छ । अब यो तथ्यलाई शासक-प्रशासकहरुले गम्भीरतापूर्वक लिएर सच्चिनुपर्छ । त्यसको शुरुवात प्रधानमन्त्री, मन्त्री, मुख्य सचिव र सचिवहरुबाटै गरिनुपर्छ । यसको लागि उनीहरुले बिचौलियाको घेराबन्दीलाई पूर्णरुपमा भत्काउन सक्नुपर्छ । उनीहरु नैतिक र सदाचारी बन्नै पर्छ ।

सार्वजनिक अधिकारी सार्वजनिक हित प्रवर्द्धनको लागि मात्र नियुक्त भएका हुन्छन्, भष्टाचार गर्न होइन भन्ने तथ्य बुझेर सबैजना सुशासन कायम गर्ने दिशामा अग्रसर हुनै पर्छ । अहिले पनि कतिपय मन्त्रालयमा मन्त्रीहरु बिचौलियाकै निर्देशनमा सञ्चालन भइरहेका विषयहरु बाहिर आइरहेका छन् । केही मन्त्रीकै योजनामा अर्बौंको चलखेल भइरहेको भन्ने तथ्यहरुसमेत आएका छन् । त्यसैले प्रधानमन्त्रीले यससम्बन्धमा त्यस्ता मन्त्रीहरुको पहिचान गरी आन्तरिकरुपमा छानबिन गर्नुपर्छ । छानबिन गरी अर्बौं चलखेल भएको पाइए त्यस्ता मन्त्रीलाई तत्काल हटाउन सक्नुपर्छ । अन्यथा त्यो चलखेलको जिम्मेवारी प्रधानमन्त्री आफैँले पनि लिनुपर्ने हुन्छ । हामीकहाँ सबैभन्दा ठूलो रोग नै भ्रष्टाचार व्याप्त हुनु हो । भ्रष्टाचार रोक्न सदाचारमा बस्नु र बसाउनु नै मुख्य उपाय हो । प्रधानमन्त्रीले आफू पनि सचादारितामा बस्ने र अन्य मन्त्रीलाई पनि सदाचारी बनाउन सक्नुभयो भने मात्रै मुलुकमा धेरै हदसम्म सुशासन कायम हुन सक्छ ।

वास्तवमा भ्रष्टाचार सार्वजनिक अधिकारीको सामान्य नभएर विचलित व्यवहार हो । सदाचार प्रवर्द्धन गर्ने भनेको शक्तिको व्यापार गर्ने असंख्य अवसरबाट घेरिएको निर्वाचित वा नियुक्त सार्वजनिक अधिकारीलाई भ्रष्टाचार गर्नबाट रोक्नु हो । सदाचारिता गुमाएका व्यक्तिको आचरणका सम्बन्धमा अनुमान गर्न सकिँदैन । अनिश्चित स्वभाव भएका व्यक्तिलाई विश्वास गर्न सकिँदैन । शासकीय पद्धतिमा त्यस्ता अविश्वसनीय व्यक्तिहरुको उपस्थितिले शासन प्रणालीलाई भताभुंग पार्दछ । मेहनतविना धन आर्जन गर्न खोज्ने व्यक्तिले छोटो उपायको खोजी गर्छन् । त्यस्ता छोटो उपाय खोज्ने राजनीतिक नेतृत्व तथा कर्मचारीले आफ्नो जिम्मेवारी, कर्तव्य र मूल्यहरुसँग सम्झौता गर्छन् र भ्रष्टाचारमा अभ्यस्त हुन्छन् । आज हामीकहाँ यस्तै व्यक्तिहरुको वर्चश्व छ, राजनीतिक नेतृत्व होस् कि प्रशासनिक नेतृत्व होस् ।

क्लिजगार्ड सदाचारितामार्फत भ्रष्टाचार उन्मूलन गर्न नसकिए पनि घटाउनचाहिँ सकिन्छ भन्छन् । सिंगापुर, थाइल्यान्ड, हङकङ आदि देशको अनुभवले छोटो अवधिमा पनि भ्रष्टाचार नियन्त्रणमा सफतलता प्राप्त गर्न सकिन्छ भन्ने देखाएको छ । त्यसैले हामीकहाँ पनि भ्रष्टाचारमा कमी ल्याई सुशासन प्रवर्द्धन गर्न नसकिने भन्ने होइन । यसका लागि कठोर राजनीतिक प्रतिबद्धता, राजनेताको त्याग र बलिदान, र्भ्रष्टाचारविरोधी निकायको पुन: संरचना, सप्पत्ति र आम्दानीमा पारदर्शिता, सार्वजनिक अधिकारी र सर्वसाधारणको व्यवहार परिवर्तन, भ्रष्टाचारविराधी, नैतिकता र सदाचार प्रवर्द्धन गर्ने कानुन कार्यान्वयनमा प्रभावकारिताबाट भ्रष्टाचार घट्ने र सदाचारिता कायम हुने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ । त्यसैले हाम्रा सबै शासक-प्रशासकहरु, राजनीतिक दलहरु र सार्वजनिक क्षेत्रमा रहेका सबै पक्षहरु सच्चिएर सदाचारी र नैतिकवान् बन्नु नै सबै र उनीहरुको लागि पनि श्रेयष्कर छ । अन्यथा मुख्य नेतृत्वमा रहने राजनीतिक दल र तिनका नेताहरुको पतन अवश्यम्भावी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सर्वसाधारणले अर्थराजनीतिलाई किन र कसरी बुझ्ने ?

✍ केशव खतिवडा

समग्रमा आर्थिक क्रियाकलापसँग सम्बन्धित विषयका बारेमा अध्ययन गर्ने विधा नै अर्थशास्त्र हो । पूर्वीय दर्शनमा यस शब्दको अर्थ खोज्दा 'अर्थ'ले धन वा सम्पत्ति र 'शास्त्र'ले यथार्थ वा वास्तविक ज्ञान भन्ने अर्थ दिन्छ । अर्थशास्त्रकै अर्थमा अंग्रेजी शब्द 'इकोनोमिक्स' भने ग्रिस भाषाको 'ओइकोनोमिया'बाट आएको हो । जसको अर्थ प्रबन्ध वा व्यवस्थापन गर्नु भन्ने हुन्छ । यसरी उत्पत्ति र शाब्दिक हिसाबले पनि अर्थशास्त्रको प्रमुख काम आर्थिक पक्षको व्यवस्थापन गर्नु हो भन्ने प्रस्ट हुन आउँछ ।

हाम्रो समाजमा अर्थशास्त्र बुझ्ने सवाललाई बडो कठिन र जटिल ढंगले भाष्य सिर्जना गरिएको छ । अर्थशास्त्र कहाँ जो-कोहीले बुझ्छ ? यो त अर्थशास्त्र पढेका, अझ पीएचडी गरेका वा अर्थशास्त्रमा नोबेल पुरस्कार प्राप्त गरेकाले मात्र बुझ्ने विषय हो । सर्वसाधारणले यसलाई बुझ्न सक्दैनन् र बुझ्न आवश्यक पनि छैन भन्ने बुझाइ समाजमा देखिन्छ । यस बुझाइलाई खण्डन गर्नु यस आलेखको प्रमुख उद्देश्य हो । सर्वसाधारणले अर्थशास्त्रलाई नबुझ्दा वा बुझ्ने कोसिस नगर्दा नै लुट र भ्रमको खेती गर्नेलाई सहज भइरहेको छ । अर्थशास्त्र नबुझ्ने कतिपय सर्वसाधारणले आर्थिक अभावलाई आफ्नो पूर्वजन्मको कर्मको फल ठान्ने समेत गर्छन् । उनीहरुले मुलुकको अर्थराजनीतिको दोष देख्दैनन् ।

मूलत: अर्थशास्त्रसँग राजनीति पनि जोडिएको हुन्छ र राजनीतिको केन्द्र भागमा नागरिक रहन्छन् । यसको मुख्य उद्देश्य विकास, समृद्धि, समानता, स्वतन्त्रताका माध्यमबाट मुलुकको अग्रगामी परिवर्तन गर्नु हो । यस आलेखमा केवल व्यवहारबाट बुझ्ने अर्थशास्त्रका बारेमा मात्र चर्चा गरिनेछ । जुन सामान्य लेख-पढ गरेका किसान र मजदुरका लागि लाभदायक हुन सकोस् । मेरो बुझाइमा अर्थशास्त्रको करिब ६० प्रतिशत ज्ञान व्यवहार वा भोगाइबाट बुझ्न सकिन्छ । केवल ४० प्रतिशत मात्र विषयगत ज्ञान तथा सिद्धान्तको अध्ययनसँग सम्बन्धित हुन्छ । यस दृष्टिकोणबाट हेर्दा अर्थशास्त्रका ६० प्रतिशत विषयसँग सर्वसाधारण तथा प्राज्ञिक सर्टिफिकेट नभएका किसान र मजदुरले दैनिक जीवनमा पौँठेजोरी खेलिरहेका हुन्छन् । तर उनीहरूलाई थाहा हुँदैन यी अर्थशास्त्रसँग सम्बन्धित विषयवस्तु हुन् । यिनीहरूको व्यवस्थापन अर्थराजनीतिले गर्नुपर्छ भनेर ।

यहाँनेर स्पष्ट पारौँ । अर्थशास्त्रका उत्पादन, उपभोग, वितरण, विनिमय, सार्वजनिक वित्तजस्ता विषयवस्तुबारे यहाँ चर्चा गरिनेछैन । यस्तै स्रोतको दुर्लभता, माग र आपूर्तिको नियम, सीमान्त उपयोगिता सिद्धान्त, श्रम विभाजन, प्रतिस्पर्धात्मक लाभको सिद्धान्त तथा आर्थिक स्वतन्त्रताको सिद्धान्तका बारेमा पनि यहाँ चर्चा गरिने छैन । पूर्वीय र पाश्चात्य अर्थशास्त्रह क्लासिकल र नवक्लासिकल अर्थशास्त्रह विकास, पर्यावरणीय, समाजवादी, पुँजीवादी र सामाजिक जस्ता अर्थशास्त्रका किसिमका बारेमा पनि चर्चा गरिनेछैन । जुन सैद्धान्तिक र शास्त्रीय विषय हुन् । यसबारे कुनै अर्को प्रसंगमा गरौँला । अब लागौँ, अर्थशास्त्रको सामान्य बुझाइतर्फ ।

सर्वप्रथम अर्थशास्त्री रैगनार फ्रिसले सन् १९६९ मा अर्थशास्त्रलाई मुख्य गरी 'माइक्रो' र 'म्याक्रो' गरी दुई भागमा विभाजन गरे र यिनीहरूका विषयवस्तु समेत प्रस्ट पारे । जसले अर्थशास्त्रका क्षेत्रमा लोकप्रियता हासिल गर्नुको साथै अध्ययनलाई सरलीकरण समेत गरे । अर्थशास्त्री फ्रिसले दुवै शब्द भौतिक विज्ञानबाट सापटी लिएका थिए ।

**माइक्रो (सूक्ष्म) अर्थशास्त्र**

'माइक्रो' अर्थशास्त्र अन्तर्गत व्यक्ति, घर-परिवार, व्यक्तिगत फर्महरू, वस्तु वा सेवाको मूल्य निर्धारण, माग र आपूर्ति, उपभोक्ताहरूको व्यवहार, बजारको संरचना तथा किसिम जस्ता साना-साना चलराशि वा एकाइका बारेमा अध्ययन गरिन्छ । यस अन्तर्गत राष्ट्रिय आय, आर्थिक वृद्धि, मुद्रास्फिति, बेरोजगारी, मौद्रिक र वित्तीय नीतिहरू, कुल (माग, पूर्ति, उपभोग र लगानी) सरकारी खर्च तथा आयात-निर्यातजस्ता ठुल्ठुला आर्थिक मुद्दाका बारेमा अध्ययन गरिन्छ ।

अर्थशास्त्रका उल्लिखित साना र ठुला दुवै प्रकारका मुद्दाका बारेमा सर्वसाधारणलाई सैद्धान्तिक ज्ञान नभए पनि दैनिक जीवनमा भने दिनहुँ सामना गरिरहनुपर्छ । अझ हाम्रोजस्तो साक्षरता ७० प्रतिशतको हाराहारीमा रहेको मुलुकका सामान्य लेखपढ मात्र भएका खासगरी किसान र मजदुरले देहायका विषयसँग गर्नुपरेको सामनाले वा व्यवहारजन्य हिसाबले अर्थशास्त्रलाई बुझ्नुपर्छ ।

**क) महंगो शिक्षा प्रणाली**

शिक्षा नागरिकको आधारभूत मौलिक अधिकार हो । तसर्थ उच्च तहसम्मको शिक्षा नि:शुल्क हुनुपर्छ । साथै शिक्षामा विभेद हुनु हुँदैन । धनी र गरिबका सन्तानले पढ्ने शैक्षिक संस्था फरक प्रकृतिका हुनु हुँदैन । हामीकहाँ भने शिक्षामा माफियाकरण रहेको छ । निम्न मध्यम वर्गीय तथा सामान्य आय भएका किसान र मजदुरका सन्तानले महँगो शिक्षा हासिल गर्न सक्दैनन् । परिणामस्वरूप महँगो र गुणस्तीय शिक्षा हासिल गरेका सम्भ्रान्त वर्गका सन्तानसँग प्रतिस्पर्धा गर्न नसकेर अन्तत: खाडी मुलुक जान बाध्य हुन्छन् ।

**२) महंगो स्वास्थ्य प्रणाली**

स्वास्थ्य सबैभन्दा संवेदनशील आधारभूत मौलिक अधिकार हो । जुन जीवन र मरणको सवालसँग सम्बन्धित छ । तसर्थ स्वास्थ्य नि:शुल्क हुनुपर्छ । विश्वका धेरै मुलुकमा स्वास्थ्य र शिक्षा नागरिकलाई नि:शुल्क उपलब्ध गराइन्छ । जस्तै : स्कान्डिनेभियन (नर्वे, स्विडेन र डेनमार्क) मुलुक । जहाँ पीएचडीभन्दा तलको शिक्षा र अधिकांश स्वास्थ्य सेवा नि:शुल्क छ । हामीकहाँ भने स्वास्थ्यमा भएको माफियाकरणले चाहे उपचारमा होस्, चाहे स्वास्थ्यसम्बन्धी पढाइमा होस्, सर्वसाधारणले चियाउनै नसक्ने गरी महँगो छ । निम्न मध्यम वर्गका व्यक्तिले न आफू सन्तुष्ट हुने गरी उपचार गर्न सक्छ, न त सन्तानलाई डाक्टर पढाउन सक्छ ।

**३) बेरोजगारी**

करिब ५९ प्रतिशत 'जनसांख्यिक लाभ' (सक्रिय जनसंख्या बढी हुनु) रहेको हाम्रोजस्तो मुलुक बेरोजगारीका कारण युवाविहीन बन्दै गएको छ । लाज पचाउन रेमिट्यान्सको हवाला दिइए पनि समाजको चित्र कहालीलाग्दो छ । परिणामत: खेतीयोग्य जग्गा बाँझिएका छन् । वृद्ध आमाबुबाको रेखदेख त परै जाओस् बिमारी हुँदा उपचार गर्ने र मृत्यु हुँदा काजकिरिया गर्ने सन्तान घरमा छैन । अर्कोतिर बालबच्चाको पढाइमा यथोचित ध्यान पुग्न सकेको छैन । रोजगार पनि नागरिकको नैसर्गिक अधिकार हो । मुलुकमा यथोचित औद्योगिकीकरण हुन नसक्नु नै बेरोजगारी समस्याको मुख्य कारण हो ।

**४) अकासिँदो मूल्य वृद्धि र कालो बजार**

निम्न मध्यम वर्गीय मानिसको ढाड सेक्ने अर्को कृत्रिम समस्या हो, चर्को मूल्य वृद्धि र कालो बजार । यस्तो मूलत: नियामक निकायहरूको बेकम्मापनका कारणले वा उनीहरूकै अदृश्य संलग्नताका कारण हुन्छ । सरकारमा रहेकाको व्यापारमा अदृश्य लगानी हुने वा ठुलो मात्रामा चन्दा लिएका कारण हुने जानाजान अनदेखाले यस्तो समस्याको सिर्जना हुने गर्छ ।

**५) कमजोर पूर्वाधारको विकास**

मुलुकको चौतर्फी विकासका लागि पूर्वाधारको विकास पहिलो सर्त हो । यातायात, ऊर्जा, स्वास्थ्य, शिक्षा, सञ्चारजस्ता पूर्वाधारका विकासले मात्र मुलुकको विकास सम्भव छ । जसका लागि ठुलो लगानी चाहिन्छ । पूर्वाधारमा भएको विकासले रोजगारीको सिर्जना, राजस्वमा वृद्धि हुनुका साथै सुविधामा समेत वृद्धि हुन्छ । एआईको आधुनिक युगमा हाम्रो मुलुकको अवस्था निकै टिठलाग्दो छ ।

मुलुक छिचोल्ने गरी रेलवे सेवाको विकास हुन नसक्नु, कमिसनको जगमा बनेका सडक यातायातबाट बर्सेनि हजारौँ मानिसले ज्यान गुमाउनु, जलस्रोतमा विश्वको दोस्रो धनी देश भएर पनि विदेशबाट बिजुली खरिद गर्नु, लोडसेडिङ हुनु, सबै ठाउँमा विद्युतीकरण हुन नसक्नु, कृषिप्रधान देशले ठुलो मात्रामा खाद्यान्न आयात गर्नु, सस्तोमा बहुमूल्य कच्चा पदार्थ निर्यात गर्नु र महँगोमा गुणस्तरहीन तयारी वस्तु आयात गरी ठुलो व्यापार घाटा बेहोर्नु, सोह्र सय लगानीकर्ता भेला गरेर सम्पन्न गरिएको लगानी सम्मेलन अन्तत: डिनर बैठक मात्र साबित हुनु, सरकारी स्तरबाट सञ्चालित स्वास्थ्य र शिक्षाजन्य निकायमा हुने राजनीतीकरणले ती संस्था धराशायी बन्दै जानु इत्यादि कारण हाम्रो देश आर्थिक गतिविधिमा पछाडि परेको छ ।

**६) व्याप्त भ्रष्टाचार**

मुलुकमा यत्रतत्र सर्वत्र भ्रष्टाचार रहेको अख्तियारको प्रतिवेदनदेखि गिरिबन्धु-टी स्टेट, यति होल्डिङ्स, ललिता निवास, प्रकरणजस्ता नीतिगत तहका र सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, वाइडबडी काण्ड सहकारी ठगीजस्ता भीमकाय काण्डहरूले घाम जत्तिकै छर्लङ्ग पारेको छ । जुन काण्डले एकातर्फ जघन्य मानवीय अपराध गरेको छ भने अर्कातर्फ राष्ट्रको आम्दानी मिलीभगतमा व्यक्तिको निजी सम्पत्ति बन्न पुगेको छ ।

**७) दण्डहीनता**

भ्रष्टाचारको मूल कारण दण्डहीनता हो । माथि उल्लिखित कुनै पनि काण्डका मूल नाइकेलाई हालसम्म कुनै कारबाही भएको छैन । बरु उल्लिखित सर्वदलीय भ्रष्टाचारलाई सर्वदलीय समझदारीका आधारमा विभिन्न बहानामा ढाकछोप गरिँदै छ । तथापि जनताको नजरमा भने डोकाले छोपेझैँ भएको छ ।

**८) बढ्दो वैदेशिक ऋण**

मुलुक करिब २६ खर्ब वैदेशिक ऋणको पासोमा फसेको छ । ऋणको किस्ता र साँवा-ब्याज भुक्तानीका लागि पुन: ऋण लिनुपर्ने अवस्था रहेको तथ्याङ्कहरूले पुष्टि गरेको छ । विगत लामो समयदेखि पुँजीगत खर्चभन्दा साधारण खर्चमा वृद्धि भएको छ । पुँजीगत खर्चको ठुलो हिस्सा कसिसनमा जाने तथ्यको पुष्टि पूर्वाधार विकास नहुनु, भएका पनि कमजोर गुणस्तरका हुनु र उच्च पदस्थ व्यक्तिहरूको स्रोत नखुल्ने सम्पत्तिले पुष्टि गर्छ ।

**निष्कर्ष**

अर्थशास्त्रले समस्याको पहिचान गर्नुको साथै समाधानको उपाय पनि राजनीतिलाई सिफारिस गर्छ । तसर्थ यी यावत् विषय अर्थराजनीतिसँग सम्बन्धित विषय हुन् । जुन कुरा बुझ्नका लागि सर्वसाधारण नागरिकले अर्थशास्त्रको कुनै ठेली र सिद्धान्तहरूको अध्ययन गर्नुपर्दैन । दैनिक जीवनको कष्टकर भोगाइ नै बुझ्नका लागि काफी छन् । हामी कोबाट कसरी पीडित र प्रताडीत रहेछौँ ? हाम्रा यावत् दु:ख र अभाव पूर्वजन्मको फल रहेछ कि शासकको अकर्मण्यताको फल रहेछ ? अब कसरी यस्ता बेथितिबाट मुक्त हुने ? आदि सवालमा दृष्टिकोण निर्माण गर्नका लागि अर्थराजनीति बुझ्न आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# नेपालमा कति छन् सुकुमवासी ? सरकारलाई नै थाहा छैन



काठमाडौं/सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या नयाँ होइन । समस्या समाधान गर्न भन्दै सरकारले अनेकन संयन्त्र बनाउँदै र खर्च गर्दै आएको छ । तर, नेपालमा कति सुकुमवासी र अव्यवस्थित बसोबासी छन् भन्ने यकिन तथ्यांक भने सरकारसँग छैन । बुधबार प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले 'अव्यवस्थित बसोबास, सुकुमवासी समस्याको विषय'मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी लगायतसँग छलफल गऱ्यो । छलफलमा भूमि समस्या समाधान आयोगका अधिकारीहरू पनि थिए ।

आयोगले 'कम्प्युटरमा प्रविस्ट निवेदन'को संख्या सांसदहरूलाई वितरण गऱ्यो । जसमा सुकुमवासी र भूमिहीन अव्यवस्थित बसोबासी भनेर १० लाख ९६ हजार ६७० वटा निवेदन आयोगमा रहेको उल्लेख थियो । यसमध्ये भूमिहीन दलित ८७ हजार ९९५, भूमिहीन सुकुमवासी एक लाख ६६ हजार ६० जना र र भूमिहीन अव्यवस्थित बसोबासी आठ लाख ४२ हजार ६१५ जनाको निवेदन रहेको भनिएको थियो ।

सुकुमवासी र अव्यवस्थित बसोबासीबारे छलफल गर्न बसेको बैठकमा आयोगमा कतिजनाको निवेदन छ भनेर प्रस्तुत गरिएपछि सांसदहरूले यकिन तथ्यांक मागे । माओवादी केन्द्रकी सांसद मिना तामाङले प्रश्न गरिन्, 'नेपालमा सुकुमवासी कति छन् ? यसको यकिन तथ्यांक चाहिन्छ । हामीले खोजेको यो हो ।' भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अधिकारीले जवाफ दिए, 'आयोगले दिएको विवरण नै आधिकारिक विवरण हो । यसमा अर्को विवरण छैन ।'

एमालेकी सांसद सरस्वती सुब्बाले १० लाखभन्दा बढी निवेदन संकलन गरिनु पनि एउटा महत्वपूर्ण काम रहेको बताइन् । संकलित निवेदनउपर जाँच गर्ने र भूमिहीन दलितलाई पुर्जा वितरण गर्ने काम तत्काल सुरु गर्नुपर्ने सुझाइन् । एकीकृत समाजवादीका सांसद भानुभक्त जोशीले संकलित निवेदनमध्ये साँच्चै भूमिहीन कति हो पत्ता लगाउन सरकारलाई सुझाए । 'भूमिहीन को-को हुन ? पहिले त्यो पत्ता लगाउन पऱ्यो,' जोशीले अगाडि भने, 'कति ठाउँमा एक तलाको होइन, पाँच तलाको घर बनाएका छन् अनि सुकुमवासी भन्छन् यो मिलिरहेको छैन ।'

मन्त्री अधिकारीले सबै कुरा सिस्टममा जोडिने र सिस्टम अनुसार नै काम हुने जवाफ दिए । समस्याको व्याख्या नगरी समाधानको उपाय सुझाउन सांसदहरूलाई आग्रह गरे । 'समस्या के हुन भन्नेमा भन्दा समाधान गर्न यो-यो गर्नुहोस् भनेर सुझाउनुपऱ्यो । हामी पनि समस्या समाधान गर्न यसरी सघाउँछौं भनिदिनु भए अझ राम्रो हुन्छ,' उनले सांसदहरूतिरै नजर लगाए ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिकी सभापति कुसुमदेवी थापा भूमि समस्या समाधान आयोगले समितिमा प्रस्तुत गरेको तथ्याङ्क निवेदनको रूपमा रहेको बताउँछिन् ।

'आयोगमा झण्डै ११ लाख सुकुमवासी र भूमिहीन अव्यवस्थित बसोबासी भनेर निवेदन परेको रहेछ । त्यसमा छुटेको हुन सक्छ, दोहोरिएको वा सुकुमवासी र भूमिहीन अव्यवस्थित नरहेको अवस्था पनि हुन सक्छ । त्यो भेरिफाइ हुन बाँकी छ,' सभापति थापाले संचारकर्मीसँग भनिन् ।

उनका अनुसार भूमि समस्या समाधान आयोगले स्थानीय तहसँग समेतको समन्वयमा संकलित निवेदनका सम्बन्धमा अध्ययन हुने बताएको छ । उनी भन्छिन्, 'आयोगको जिल्ला कार्यालयहरू पनि गठन हुनेछन् । त्यसपछि सम्बन्धित जिल्ला कार्यालयहरूले स्थानीय तहसँग समन्वय गरेर थप कार्य गर्नेछ ।'

यही विषयमा बुधबार राष्ट्रिय सभाको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार तथा समन्वय समितिमा पनि छलफल भएको थियो । उक्त छलफलमा पनि सांसदहरूले भूमि समस्या समाधान आयोगको प्रगति र आगामी दिनमा काम गर्ने योजनाबारे जिज्ञासा राखेका थिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री अधिकारीले यही पुस महिनाभित्र सबै जिल्लामा राष्ट्रिय भूमि आयोगको कार्यालय बनिसक्ने र कामले गति लिने जवाफ दिए । 'केन्द्रमा राष्ट्रिय भूमि आयोग बनिसकेको छ । सबै जिल्लामा पुसभित्र बनिसक्छ । माघदेखि काम नै सुरु गरिनेछ,' मन्त्री अधिकारीले भने । उक्त समितिको बैठकमा माओवादी केन्द्रका सांसद जगप्रसाद शर्माले भविष्यमा फेरि नेपालमा सुकुमवासी समस्या र अव्यवस्थित बसोबासीको समस्या र हने छैन भन्ने विश्वास कसरी दिलाउनुहुन्छ भनेर सोधेका थिए ।

जवाफमा मन्त्री अधिकारीले हाल रहेको भूमि समस्या समाधान आयोगलाई अन्तिम आयोग बनाउनुपर्ने भन्दै यही सोचअनुसार सरकारले काम गर्ने प्रतिवद्धता जनाए । मन्त्री अधिकारीले भने, 'यो आयोगलाई अन्तिम मान्नु पर्छ । जमिन सधैं वितरण गर्न सकिँदैन ।'

**दलहरूसँगै अविश्वास**

सरोकारवालाहरू भने भूमिको समस्या समाधान गर्ने इच्छा राजनीतिक दलहरूमा नरहेको आरोप लगाउँछन् । उनी भन्छन्, 'भूमिहीन र भूमिहीन हुने अवस्था वा समस्या २०२१ साल देखिकै हो । तर, यो ६१ वर्षमा कुनै पनि सरकारले समस्या समाधान गर्न सकेन । संविधानमा लेखेर पनि भएन ।'

संविधानको धारा २५ मा सम्पत्तिको हक, धारा ३७ मा आवासको हक, धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हक छ । धारा ४० को उपधारा ५ मा संविधान जारी भएपछि राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

उपधारा ६ मा राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्ने भनिएको छ । संविधानको भाग-४, निर्देशक सिद्धान्त, नीति तथा दायित्वको (च) सामाजिक न्याय र समावेशिकरणसम्बन्धी नीतिको (६) बमोजिम भूमिहीन सुकुमवासीको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन व्यवस्था गर्ने भनिएको छ ।

संवैधानिक व्यवस्था कार्यान्वयन गर्न भनेर २८ माघ २०७६ सालमा संघीय संसद्ले भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन गरेर ऐनको दफा ५२ (क) मा भूमिहीन दलितलाई एकपटकको लागि तीन वर्षभित्र जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ ।

५२ (ख) मा भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने तथा ५२ (ग) मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने भनिएको छ । तर, यो संवैधानिक र कानुनी व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष समस्या समाधान हुन नसक्नुको प्रमुख कारण राजनीतिक दलहरूलाई नै देखाउँछन् । 'राजनीतिक दलहरूले नै भोट बैंकको रूपमा सुकुमवासीलाई प्रयोग गर्दै आए । चुनावी बाचा पूरा गर्न आयोग बनाए, कार्यकर्तालाई आयोगमा सुविधा दिलाए, फेरि पनि समाधान गर्न चाहेनन् । किनभने, ती फेरि अर्को चुनावमा काम लाग्ने भए,' अध्यक्ष दर्जीले संचारकर्मीसँग भने ।

अध्यक्ष दर्जीका अनुसार नेपालमा करिब २२ भूमिहीन रहेको अनुमान छ । राष्ट्रिय भूमि अधिकार मञ्च कार्यालय ५२ जिल्लामा र हेकोले देशभरको यकिन तथ्याङ्क आफूहरूसँग पनि नरहेको अध्यक्ष दर्जीले सुनाए । सरकारले चाहे भूमिको समस्या समाधान हुने उनको विश्वास छ ।

विगतमा जे भएता पनि समस्या समाधान गर्न सरकारले नै आँट गर्नुपर्छ, आँट गरे समस्या समाधान गर्न सकिन्छ' उनी भन्छन्, 'मेरो एउटै आग्रह छ- विगतका १६ वटा आयोग झैं अहिलेको १७ औं आयोग नहोस् ।'

अन्यथा, राजनीतिक दलहरू र सरकारसँग भूमिहीनको विश्वास कायम नरहने उनको चेतावनी छ । उनी थप्छन्, '१७ वटा आयोग बनेर काम हुँदासमेत नेपालमा कति भूमिहीन छन् भनेर यकिन तथ्यांक राज्यले लिन सक्दैन भने यो भन्दा राज्य कति निरिह हुन सक्छ ?'

**"समस्या ठूलो थिएन, बनाइयो"**

सांसदहरू पनि राज्यले चाहँदा सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या समाधान हुन सक्ने बताउँछन् । इच्छाशक्ति नहुँदा समस्या भएको उनीहरूको बुझाइ छ । नेपाली कांग्रेसका सांसद वीर बहादुर बलायर पटक-पटक भूमि आयोग गठन भए पनि समस्या समाधान हुन नसक्नु दु:खद रहेको बताउँछन् । उनी भन्छन्, 'ताप्लेजुङ र दार्चुलाका नागरिक काठमाडौंको बागमती किनारमा आएर बस्दैमा सुकुमवासी हुँदैन ।'

सरकारले वास्तविक सुकुमवासी पहिचान गरेर जग्गा दिनुपर्ने उनको आग्रह छ । तराई-मधेस, पहाड र हिमालमा रहेका सबै सुकुमवासीलाई जग्गा दिनुपर्ने उनको माग छ । यसअघि, जग्गा दिएपछि त्यो बेचेर फेरि सुकुमवासीमै सूचीकृत भएको भन्नेसमेत पाइएको उल्लेख गर्दै उनी यस्तो हुन नदिन कडा कानुनी व्यवस्था गर्नुपर्ने र कडाइका साथ पालना गराउनुपर्ने बताउँछन् ।

कांग्रेस सांसद बलायरको प्रस्ताव छ, 'भूमिहीन सुकुमवासीलाई जग्गा दिऔं । तर, दिइएको जग्गा दुई पुस्तासम्म बेच्न नपाउने कानुनी व्यवस्था गरौं ।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद बिनिता कठायत पनि काठमाडौंमा सुकुमवासीको रूपमा बसेका मानिस खासै समस्या नरहेको बताउँछिन् ।

'काठमाडौंभित्रको सुकुमवासी सजिलै हटाउन सकिन्छ । महनगरलाई सरकारले सहयोग गर्नुपर्छ । बरु, यसका लागि आवश्यक नीति वन निर्णय क्याबिनेटबाट पास गरेर दिउँ,' रास्वपा सांसद कठायतको प्रस्ताव छ । एमालेका सांसद अमृतलाल राजवंशीका अनुसार भूमिको समस्या विगतमा ठूलो थिएन तर समयक्रममा ठूलो समस्याको रूपमा स्थापित हुन आइपुगेको हो ।

टाठाबाठा भूमिपति हुने र अन्य पीडित हुने अवस्था रहेको भन्दै उनी थप्छन्, 'तराईका मूलबासीहरू/हजारौं वर्षदेखि सुकुमवासी र अहिले पनि सुकुमवासी छन् ।' यस्तो समस्या नीतिगत रूपमै समाधान गरिनुपर्नेमा नभएकाले अब सदाका लागि समस्या समाधान गर्ने गरी अगाडि बढ्नुपर्ने उनको राय छ ।

माओवादी केन्द्रकी सांसद रुपा सोशी चौधरी जमिन व्यक्तिको रहुन्जेल समस्या यथावत रहने बताउँछिन् । 'जबसम्म व्यक्तिसँग जमिन हुन्छ तबसम्म समस्या भइर हन्छ,' उनी भन्छिन्, 'यसकारण जमिन राज्यको हुनुपर्छ ।' जमिनको सम्पूर्ण स्वामित्व राज्यले लिने र आवश्यकताका आधारमा राज्यसँग नागरिकले उपभोगका लागि मात्रै जमिनको प्रयोग गर्न सक्ने गरी संवैधानिक व्यवस्था गरिनुपर्ने उनको धारणा छ ।

*(स्रोत: अनलाइनखबर)*

# दीपकराज र सरोजले फिल्ममा सहकार्य गर्ने, तिहारमा रिलिज निश्चित



काठमाडौं/कलाकार दीपकराज गिरी र निर्माता सरोज न्यौपानेले आगामी एक फिल्ममा सहकार्य गर्ने भएका छन् । दीपकराजले सरोजसँग हात मिलाएको एक तस्वीर बुधबार सामाजिक सञ्जालमा सेअर गर्दै फिल्ममा सहकार्य गर्न लागेको जानकारी गराएका हुन् । उनले भनेका छन्, 'नयाँ वर्ष, नयाँ कामको सुरूवात ।' तस्वीरमा दीपकराज र सरोजसँगै कलाकार निर्मल शर्मालाई पनि देख्न सकिन्छ ।

केही दिनअघि मात्र निर्माता न्यौपानेले आफ्नो नयाँ फिल्मको रुपमा 'फनफनी घुमेर' घोषणा गरेका थिए । तर, यो फिल्मका लागि दीपकराजसँग सहकार्य नभएको उनले स्पष्ट पारेका छन् । नयाँ शीर्षकमा फिल्म बन्ने उनको भनाइ छ । उनले भने, 'हामी दुवैलाई कन्सेप्ट एकदमै मनपऱ्यो । अहिले स्क्रिप्टमा काम भइरहेको छ । स्क्रिप्ट दीपकजीले नै लेखिरहनुभएको छ ।'

फिल्ममा दीपकराज स्वयं मुख्य भूमिकामा देखिनेछन् भने निर्मल शर्माको पनि अभिनय रहनेछ । बाँकी कलाकार र निर्देशक तय भइसकेका छैनन् । निर्माता न्यौपानेले एक निर्देशकसँग भने कुराकानी भइरहेको जानकारी दिए । उनले आगामी वर्षको तिहारमा फिल्म रिलिज हुने पनि घोषणा गरेका छन् । फिल्मको छायांकन आगामी बैशाखबाट सुरु गर्ने तयारी गरिएको छ ।

फिल्ममा सरोजको एकल लगानी रहनेछ । उनको कम्पनी अनन्या फिल्म्सबाट फिल्म निर्माण हुनेछ । दीपकराज भने मुनाफाको हिस्सेदारीमा रहने बुझिएको छ । यसअघि पनि उनको समूहले ५० प्रतिशत मुनाफा लिने गरी 'छ माया छपक्कै'मा काम गरेको थियो । सरोजको फिल्ममा 'छक्का पञ्जा' समूहका अन्य कलाकारहरू जोडिन्छन् कि जोडिँदैनन् ? त्यो चासोको विषय बनेको छ ।

# मायावी' गीत : दीपिकामा बसेको पलको मन

काठमाडौं/आगामी फागुन १४ गते (महाशिवरात्रि)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'मायावी'को पहिलो गीत अंग्रेजी नयाँ वर्षको अवसरमा सार्वजनिक गरिएको छ । 'त्यो माया हो' बोलको रोमान्टिक भावको गीतमा फिल्मका मुख्य अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाइँ प्रस्तुत छन् । गीतले उनीहरुको प्रेम र समर्पणको भाव बोलेको छ । भिडियोमा दुवैलाई रोमान्टिक मुडमा देख्न सकिन्छ ।

सफ्ट शैलीको गीतमा एसडी योगी र सदीक्षा कट्टेलको स्वर, राम अविरल विष्टको शब्द रचना तथा गायक योगी स्वयंको संगीत छ । गीतको भिडियोलाई कविराज गहतराजले कोरियोग्राफी गरेका हुन् । निर्देशक दीवाकर भट्टराईले फिल्ममा 'त्यो माया हो' गीत कथावाचनको रुपमा रहेको जनाएका छन् । फिल्मको हाइप निर्माणमा यो गीतले ठूलो भूमिका खेल्ने उनको विश्वास छ ।

निर्देशक भट्टराई स्वयंको लेखन रहेको फिल्ममा पल र दीपिकासहित प्रशान्त ताम्राकार, सुशील सिटौला, लक्ष्मी गिरी, राजाराम पौडेल, करिश्मा श्रेष्ठ, अन्शु महर्जन, रवि डंगोल, राम प्रसाईं, दीपेन्द्र सिम्खडा, संगीता सिलवाल लगायतको अभिनय छ ।

यो फिल्मबाट 'म्यान हन्ट इन्टरनेशनल नेपाल २०१६'का विजेता समिम खानले डेब्यु गरेका छन् ।

'मायावी'मा ुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्तको लगानी छ । प्रवीण भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्ममा मञ्जु भण्डारी, राजु पराजुली र सुमित ओली भने सह-निर्माताको रुपमा छन् ।

फिल्मको गीतमा एसडी योगीका साथै शम्भुजित बाँस्कोटाले पनि संगीत दिएका छन् । यसमा शाहिल खानको ट्रेलर, राजु विक्रम थापाको डीओपी तथा मिलन श्रेष्ठको सम्पादन छ ।


# सादर निमन्त्रणा



जन्म:
१९८३ चैत्र १३ गते

स्वर्गारोहण:
२०८१ पौष ८ गते

स्व: दीलकुमारी श्रेष्ठ

हाम्रा ममतामयी माता **दीलकुमारी श्रेष्ठ**को मिति २०८१/०९/०८ गतेका दिन असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हामीप्रति समवेदना व्यक्त गर्दै सागरमा पाल्नुहुने, भेटघाटमा पाल्नुहुने र पत्रपत्रिका साथै सामाजिक सञ्चालमार्फत् समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, बन्धुबान्धव, इष्टमित्र, साथीभाई लगायत सम्पूर्णमा २०८१/०९/१९ गते शुक्रबारका दिन १३ औं दिनको पुण्यतिथिमा पितृप्रसाद ग्रहणका निम्ति सादर निमन्त्रणा गर्दछौं ।

मिति: २०८१/०९/१९ गते | समय: दिनको २:०० बजे | स्थान: हेटौंडा-८, कमाने आफ्नै निवास

छोरा/बुहारी

श्री हिरालाल/उमा श्रेष्ठ
श्री धर्मलाल/पुनम श्रेष्ठ
डा. किशोरलाल/नतासा श्रेष्ठ
श्री मोतीलाल/सुशिला श्रेष्ठ
श्री रामलाल/चित्रा श्रेष्ठ
श्री गणेशलाल/शुसिला श्रेष्ठ

छोरी/ज्वाई

शुभद्रा/टेकनारायण श्रेष्ठ

एवम्

समस्त श्रेष्ठ परिवार


# 'लाज शरणम्'को अर्थपूर्ण पोस्टर : गम्भीर कथामा कमेडीको संकेत




काठमाडौं/चर्चित हास्य सिरियल 'सक्किगोनि' समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । अंग्रेजी नयाँ वर्षको अवसरमा बुधबार सार्वजनिक तीनवटा पोस्टरले फिल्मको कथासार बुझाउँछ । तीनमध्ये दुई पोस्टरमा कफिन (शव राख्ने बाकस) देखिन्छ । यसले वैदेशिक रोजगारीमा जानुपर्ने देशको स्थिति र त्यसले निम्त्याएको कहालीलाग्दो कहर बोल्छ ।

एक पोस्टरमा कफिनबाट अर्जुन घिमिरे (पाँडे), हरिस निरौला (ककोज), विजय बराल र सागर लम्साल (बले)ले आश्चर्य र खुसी मिश्रित भावमा केही हेरिरहेका छन् । अर्जुन 'सक्किगोनि'को चर्चित पात्र पाँडेकै हुलियामा देखिएका छन् ।

दोस्रो पोस्टरमा सुनको विस्कुट र यार्सा जोखिएको तराजु लिएर एक पात्र अर्धनग्न अवस्थामा कफिनमाथि उभिएका छन् ।

तेस्रो पोस्टरमा भने अनुहार खरानीले पोतेको, शिरमा कालो फेटा बाँधेको, लट्टा परेको लामो कपाल, सेतै फुलेको लामो दाह्री, घाँटीमा रुद्राक्षको माला लगाएर शिवको अवतारमा देखिएका हरिसको ढाडमा चढेर विजयले हड्डीको शंख फुकिरहेको देखिन्छ । सम्पत्तिको लोभ र बाध्यताले मान्छे कसरी मृत्युसम्म पुगिरहेको छ भन्ने भाव दर्शाउन सार्वजनिक पोस्टरहरु अर्थपूर्ण छन् । फिल्मले हास्य शैलीमा गम्भीर कथा भन्ने पोस्टरले संकेत गर्छ ।

महाशिवरात्रिको अवसर पारेर आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई कुमार कट्टेलले निर्देशन गरेका हुन् । यसमा मुकुन्द श्रेष्ठ, प्रशान्त ताम्राकार, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, कमलमणि नेपाल, माला लिम्बू लगायतको अभिनय छ । सुदीप बरालको छायांकन रहेको फिल्मको निर्मातामा नवीन श्रेष्ठ तथा सह-निर्मातामा राम नरेश शाह र सृजना खड्का छन् ।

*(स्रोत: फिल्मीखबर)*

# जलवायु उत्थानशील कार्य सुदृढिकरणको अभिमूखीकरण




साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ हेटौंडा उपमहानगरका निर्वाचित जनप्रतिनिधिलाई लक्षित गरी जलवायु उत्थानशील कार्य सुदृढिकरणको अभिमुखीकरण गरिएको छ ।

नगरप्रमुख मीनाकुमारी लामाको उपस्थितिमा नगरपालिका सभाहलमा गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटाको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा गण्डकी जलाधार जलवायु उत्थानशील आयोजनाका कार्यक्रम संयोजक अनन्त बानियाँले नेपालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु परिवर्तनमा परिस्थितिकीय प्रणालीमा आधारित अनुकुलनका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

मौसमको चरित्रमा परिवर्तन, कृषि र खाद्यसुरक्षा, जैविक विविधता प्रभाव, शिक्षा, स्वास्थ्य र कृषिमा प्रभाव, आवाज र संरचनामा प्रभाव र ऊर्जाको उत्पादनमा प्रभावसँगै जोखिम न्यूनीकरण र तयारीका विषयमा बृहत छलफल गरिएको थियो । वन संरक्षण र पुनर्स्थापना, कृषि प्रणाली अनुकुलन, जलवायु परिवर्तनका नीति र सुशासन, स्थानीय नीति निर्माणमा पालिकाको भूमिका केके हुन सक्छन् भनी सबैको राय सुझाव गरी छलफल गरिएको थियो ।

कार्यक्रममा उपमहानगरका वन तथा वातावरण समितिका संयोजक एवम् वडा नं.१० का अध्यक्ष फुर्वादोर्जे लामाले नेपालमा कानून धेरै बन्यो तर, कार्यान्वयन नभएको बताए । हामीमा पनि कमजोरी रहेको र प्रदेश सरकार र हामीबीच समन्वयकारी भूमिका नभएको बताए । वन वातावरणको विषयमा नगरले आवश्यक नीति नियम निर्माण गरिनुपर्ने समेत वडाध्यक्ष लामाले बताए । कार्यक्रममा जलवायु परिवर्तनको हामी कारक हौं त ? भन्दै सहभागीले प्रश्न उठाएका थिए ।

कार्यक्रममा वडा नम्बर २ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, ८ का वडाध्यक्ष रामकृष्ण थापा, ११ का वडाअध्यक्ष जुना दाहाल, १९ वटै वडाका वडासदस्यहरु, उपमहानगरका विभिन्न शाखाका प्रमुखहरुको सहभागिता रहेको थियो । गैरसरकारी संस्था महासंघले यसअघि पाँचवटा स्थानीय तहसँग छलफल गरिसकेको छ ।

# मनहरीमा गैंडाको आक्रमणबाट एक महिला घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा बाघको आतंक सक्किन नपाउँदै गैंडाले पनि त्राश बनाएको छ । बाघले एकजनाको ज्यान लिएको तीन दिनपछि मनहरीमा गैंडाले एकजनालाई घाइते बनाएको छ ।

घाँस काट्न गएकी महिलालाई गैंडाले आक्रमण गरेको हो । पश्चिमी मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित लोथरखोला नजिक रहेको लामेदार मध्यवर्ती सामुदायिक वनमा जंगली जनावर गैंडाको आक्रमणमा परी ७० वर्षीया दिलमाया स्याङतान घाइते भएकी हुन् । वनमा घाँस काट्न तथा गोबर टिप्न गएकी महिलाला गैंडाले आक्रमण गरेको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार घाइते महिला चितवनको राप्ती नगरपालिका-१, दुबिचौरकी हुन् ।

घाइते महिलाको हात, शरीर र निधारमा चोट लागेको छ । उनको स्वास्थ्यअवस्था मध्यम रहेको र थप उपचारका लागि भरतपुर तर्फ पठाइएको प्रहरीले जनाएको छ । घटनास्थल मकवानपुर र चितवनको सीमाना हो ।

मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा घाँस काट्न गएकी महिलाको ज्यान लिने बाघलाई हिजो मंगलबार साँझ नियन्त्रणमा लिइएको थियो ।

चारवटा हात्ती र चितवन र पर्सा राष्ट्रिय निकुञ्चको टोलीले बाघलाई नियन्त्रणमा लिएको हो । मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृतअवस्थामा आइतबार राति करिब १० बजे घरनजिकैको बारीमा भेटिएकी थिइन् । बाघले सोमबार बिहान बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाखा मारेको थियो । दुईवटा घटनापछि बसन्तपुर बासी त्रसित बनेका थिए ।

# बालश्रम अन्त्यका लागि नीतिगत छलफल




साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयेजनामा आज हेटौंडामा बालश्रम अन्त्यका लागि नीतिगत छलफल भएको छ । कार्यक्रमको उद्घाटन् गर्दै बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले प्रदेश सरकारले बालश्रम नीति ल्याउने बताए ।

बालश्रम अन्त्यका लागि मन्त्रालयले अहिले काम गरिरहेको दाबी गर्दै मन्त्री महर्जनले यस कार्यक्रमका लागि सरकारले बजेट छुट्याएर काम गर्न लागेको बताए । महर्जनले समृद्धिका लागि बालश्रम अन्त्य हुनुपर्ने बताए । मन्त्री महर्जनले पछिल्लो समय गरिबीका कारण मात्रै बालश्रम नहुने बताए । बालबालिकाहरु बालश्रममा लाग्नुको मुख्य कारण परिवारिक कलह, अशिक्षा, विद्यालय टाढा हुनु लगाएतले पढाइ छोडेर बालश्रममा लाग्ने गरेको बताए ।

यसरी समाजमा भएका बालश्रम अन्त्य गर्नका लागि प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले नीतिगत ढंगबाट अघि बढ्न बालबालिकासँग सरोकार राख्ने संघसंस्थासँगको छलफल गर ेर अघि बढ्ने बताउँदै मन्त्री महर्जनले भने, 'परिवारमा कलह भएकै कारण बालबालिकाले पढाई छाड्ने गरेका छन् । प्राय:जसको कलह आर्थिक अभावका कारण हुनेगरेको उदाहरण थुप्रै छन् । जसकारण आर्थिक उपार्जन गर्ने क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयले नीति बनाएर अघि बढ्छ ।'

मन्त्री महर्जनले बालश्रम अन्त्य गर्नका लागि प्रदेशका अन्तर मन्त्रालयको सम्बन्ध कायम राख्न जरुरी रहेको र आफूहरुले सामाजिक विकास र उद्योग मन्त्रालयसँग सहकार्य गर्ने प्रतिवद्धता समेत जनाए । विद्यालय टाढा भएकै कारण विद्यालय छोड्नेक्रम बढेको उनले बताए । दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च बागमती प्रदेशका अध्यक्ष प्रकास खतिवडाले बालश्रम अन्त्यका लागि सबैको सहयोग आवस्यक रहेको बताए ।

मन्त्रालयका सचिव बलराम निरौलाको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य विन्दु श्रेष्ठ, प्रदेश नीति तथा योजना आयोगका सदस्य डाक्टर दीपेन्द्र श्रेष्ठ, स्वतन्त्रता अभियान नेपालका कार्यकारी सचिव ऋतु भट्टराइ, राष्ट्रिय बालसंरक्षण सञ्जालका अध्यक्ष ज्ञानभक्त महर्जनलगायतको आतिथ्यता थियो ।

कार्यक्रममा बागमती प्रदेशका बिभिन्न मन्त्रालय, कार्यालय, संघसंस्था तथा स्थानीय तहका कर्मचारीको सहभागिता रहेको थियो । श्रम, रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा स्वतन्त्रता अभियान नेपाल, दिगो विकास लक्ष्यका लागि नागरिक मञ्च र राष्ट्रिय बालसंरक्षण सञ्जालको सहकार्य रहेको थियो ।

# कान्तिराजपथमा पहिरैपहिरो

साझाकुरा संवाददाता



हेटौंडा, १७ पुस/ काठमाडौं-हेटौंडा जोड्ने पुरानो सडकमध्ये एक हो, कान्तिराजपथ । अहिले यो राजमार्गको अवस्था दयनीय छ । जसोतसो सवारीसाधन गुडेका छन् । जता हेर्‍यो, उतै पहिरो छ ।

कतै पहिरोले सडक नै लगेको छ । जोखिम र त्राशबीच यो खण्ड भएर मालवाहक, यात्रुवाहक र निजी सवारी साधन ओहोरदोहोर गरिरहेका छन् । दुग्धपदार्थ बोकेका ट्यांकर, कुखुरा र तरकारी बोकेका गाडी पनि यही मार्ग हुँदै राजधानी भित्रिन्छन् । यो दुई लेनको सडक हो । पहाड कटिङ गर्न नसकेको खण्ड सहित करिब दुई किलोमिटर सडक अहिले पनि एक लेन मात्रै छ ।

नेपाली सेनाको अगुवाइमा २०१३ सालमा सुरु गरी २०१६ सालमा ट्र्याक खोलिएको यो सडकको दूरी ९० किलोमिटर छ । अहिले ललितपुरतर्फ मात्र दुई दर्जनभन्दा बढी स्थानमा पहिरो खसेको छ । पहिरोले गर्दा सडक साँघुरिएको छ । सडक माथिको पहिरो पनि अझै पन्छाइ सकिएको छैन । जसोतसो पहिरो पन्छाएर यातायातका साधन सञ्चालन गरिएको छ ।

मकवानपुरतर्फ सबैभन्दा बढी पहिरो बकैया गाउँपालिका क्षेत्रभित्रको खण्डमा खसेको छ, जहाँ दर्जनभन्दा बढी स्थानमा पहिरो खसेको छ । पहिरो पन्छाएर सडकलाई केही सहज बनाइएको छ । यो हेटौंडाबाट काठमाडौं आउजाउ गर्न सबैभन्दा सजिलो मार्ग भए पनि सुधारमा सरकारले बेवास्ता गरेको बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने बताउँछन् ।

# किसानलाई ५० प्रतिशत अनुदानमा बीउ आलु वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/थाहा नगरपालिका कृषि विकास शाखाले आलुखेतीको लागि ५० प्रतिशत अनुदानमा नगरको वडा नम्बर ३ मा बीउ आलु बितरण गरेको छ ।

थाहा नगरपालिकाको ५० प्रतिशत अनुदान लागत र वडामा रहेको अविरल कृषि समूहको ५० प्रतिशत लागतमा आलुको उन्नत जातको बीउ बितरण गरिएको हो । थाहा नगरको २ लाख ९३ हजार र कृषि समूहको २ लाख ९३ हजार गरी ५ लाख ८६ हजार रुपैयाँको ६ मेट्रिकटन साजिटा जातको उन्नत आलुको बीउ बितरण गरिएको थाहा नगरपालिका कृषि शाखाप्रमुख संजय तिवारीले बताए ।

थाहा नगरपालिकालाई आलुको बीउमा आत्मनिर्भर बनाउनको लागि यस्ता कार्यक्रम ल्याएको बताउँदै होटल रेष्टुरेन्ट तथा उद्योगको निम्ति यो आलुको माग उच्चरहेकोले बजारीकरणमा समस्या नरहेको बताए । अविरल कृषि समूहका सदस्य तथा अगुवा कृषक श्याम बिष्टले साजिटा जातको आलु अहिले नेपालको धेरै स्थानमा बीउ विकासको लागि उच्च माग रहेको हुँदा भारतको हिमाञ्चलबाट यो बीउ आएको बताउँदै नेपाल सरकारले सिफारिस गरेको बीउ भएको हुँदा ढुक्क भएर लगाउँन आग्रह गरे ।

कृषक नवराज बर्तौलाले थाहानगरले आलु उत्पादन राम्रो गर्न सिचाइ सुबिधालाई पनि व्यवस्थापन गर्नुपर्ने आग्रह गरे । थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले कृषकले उत्पादन गरेको आलुमा बजारको समस्या नरहेको हुँदा गुणस्तरीय उत्पादनमा ध्यान दिन कृषकलाई आग्रह गरे । थाहा नगर प्रमुख बिष्णु बिष्टले नगरपालिकाले सबैभन्दा बढी बजेट कृषिक्षेत्रमा बिनियोजन गरेको उल्लेख गर्दै संघीय सरकार र प्रदेश सरकारको रासायनिक मल वितरण प्रणालीले भने थाहाका कृषकलाई मारमा पारेको बताए ।

विष्टले प्रदेश सरकारले मल बितरणमा थाहा नगर पालिकालाई उच्चप्राथमिकतामा राख्न अनुरोध गरे । समूहका जेष्ठ सदस्य सानोकाजी कार्कीको अध्यक्षतामा सम्पन्न बीउ आलु वितरण कार्यक्रममा थाहा-३ का अध्यक्ष हिरेन्द्र रायमाझी, विभिन्न कृषि समूहका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# भीमफेदीको तारेभिरमा फसेका चारजनाको सकुशल उद्दार



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुरको भीमफेदी गाउँपालिका-८ लटारम्मेश्वर मन्दिर जाने क्रममा तारेभिरमा फसेका चारजनालाई प्रहरीले उद्दार गरेको छ ।

काठमाडौं महानगर पालिका-२ बस्ने ३६ वर्षीया मधुलिकासिंह ठकुरी, ३५ वर्षीया निर्जला शाक्य, ३४ वर्षीया सिर्जना महर्जन र २४ वर्षीय पुकार सिलवाललाई सेना र प्रहरीको संयुक्त टोलीले उद्दार गरेको हो । उनीहरु फसेको जानकारी प्रहरीले मंगलबार दिउँसो करिब सवा तीन बजे टेलिफोनमार्फत् पाएको थियो । लगत्तै इलाका प्रहरी कार्यालय ठिंगनबाट प्रहरीनिरीक्षक खगेन्द्रकुमार दाहाल नेतृत्वको चार जनाको टोली खटिएको थियो ।

इलाका प्रहरी कार्यालय ठिंगनबाट करिब १५ किलोमिटर पश्चिम उत्तरतर्फ पर्ने यो स्थानमा प्रहरी टोली डोरी, हसिया, फलामको रड लगायतका उद्दार सामग्री सहित गएको थियो । तर, प्रहरीले मात्र उद्दार गर्न नसकेपछि नेपाली सेनाको बेसक्याप्प महादेवटारका सुबेदार सीताराम कार्की नेतृत्वमा ७ जनाको थप टोली उद्दारमा परिचालित भएको थियो । सेना र प्रहरीको संयुक्त टोलीले चारै जनालाई मंगलबार साँझ ५ बजेतिर सकुशल उद्दार गरी गन्तव्यतर्फ पठाएको इलाका प्रहरी प्रहरी कार्यालय ठिंगनले जनाएको छ ।

कान्तिलोकपथ हुँदै हेटौंडाबाट करिब एक घण्टा र काठमाडौंबाट करिब २ घण्टाको दुरीमा भीमफेदी गाउँपालिकाको इपा पुगेर इपाबाट करिब २ घण्टा पैदल उकालो हिँडेपछि महादेव मन्दिरमा पुगिन्छ । 'डब्लु डाँडा'को थुम्कोमा रहेको यही मन्दिर लटारम्मेश्वर मन्दिरको रुपमा प्रख्यात छ । यहाँ माघेसंक्रान्ति, शिवरात्री र नयाँवर्षमा पूजा गर्नेहरुको घुइँचो हुने गर्दछ । समुद्री सतहबाट एक हजार ८५६ मिटर उचाइमा रहेको यो मन्दिरबाट हिमशृंखलासहित मनोरम प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पाइने भएकाले बिदाको छोटो समय बिताउन पनि मानिसहरु त्यहाँ पुग्ने गर्दछन् ।

# पर्यटक आगमन क्षमताको एकतिहाइ मात्रै

काठमाडौं, १७ पुस/ अन्तर्राष्ट्रिय पर्यटन बजारमा उत्कृष्ट पर्यटन गन्तव्य मुलुकको पहिचान बनाएको नेपालमा पर्यटक आगमन भने औसत छ । गएको वर्ष पनि नेपालले औसत आगमनमै चित्त बुझाएको छ । नेपाल पर्यटन बोर्डका अनुसार २०२४ मा ११ लाख ४७ हजार ५ सय ६७ पर्यटक नेपाल आएका छन् । तथ्यांक अनुसार एक वर्षमा नेपालले मासिक ९५ हजार ६ सय ३० पर्यटक मात्र भित्र्याउन सकेको छ ।

नेपालमा वार्षिक १० लाख पर्यटक आगमन २०१९ मै नाघेको हो । त्यसपछिका दुई वर्ष २०२० र २०२१ कोभिड महामारीले प्रभावित भयो । त्यसपछि संसार भरि तीव्र गतिले आगमन सुधार भए पनि नेपालको गति सुस्त भयो । जुन गति २०२४ मा समेत विस्तार हुन सकेन ।

२०१९ मा ११ लाख ९७ हजार १ सय ९१ पर्यटक नेपाल आएका थिए । २०२२ मा ६ लाख १४ हजार ८ सय ६९ र २०२३ मा १० लाख १४ हजार ८ सय ८२ आएको तथ्यांकमा छ ।

**कुन वर्ष कति पर्यटक ?**

२०१९ : ११ लाख ९७ हजार १ सय ९१
२०२२ : ६ लाख १४ हजार ८ सय ६९
२०२३ : १० लाख १४ हजार ८ सय ८२
२०२४ : ११ लाख ४७ हजार ५ सय ६७

पर्यटन बोर्ड निर्देशक मणिराज लामिछाने कोभिड महामारीदेखि आगमनमा परेको असरले केही सुस्त भए पनि अपेक्षा अनुसार पर्यटक आएको बताउँछन् । शृंखलाबद्ध ठूल्ठूला सडक दुर्घटनाका कारण भारतीय पर्यटकमा परेको मनोवैज्ञानिक असर र चीनको आन्तरिक अर्थतन्त्रका कारण पर्यटक कम हुँदा त्यसले नेपालमा आगमन बढाउन नसकेको उनको भनाइ छ ।

यसलाई चिर्न पछिल्लो समय समूहमा पर्यटक तान्न भइरहेका प्रयासले भने सकारात्मक परिणाम दिइरहेको उनले बताए । 'डिसेम्बरमा ९२ हजार पर्यटक आएका छन्,' लामिछाने भन्छन्, 'एनपीएल क्रिकेटमा भारतीय पर्यटक आगमन र ड्रागन बोट रेसमा चीनबाट ग्रुपमा पर्यटक आउनु सकारात्मक पक्ष हो ।'

नेपालमा सडकको दयनीय अवस्थाको पर्यटन बजारमा बढी आलोचना भइरहेको छ । काठमाडौंबाट प्रमुख पर्यटन गन्तव्य पोखरा, चितवन र लुम्बिनी पुग्ने सडक पुनर्निर्माण क्रममा छन् । तर, कामको गति कम हुँदा पछिल्लो आधा दशकयता यी सडक हुँदै यात्रा गर्ने सर्वसाधारण र पर्यटकले सास्ती पाइरहेका छन् । अर्कातर्फ, दुर्घटनाको दरसमेत बढिरहेको छ ।

यसको नकारात्मक प्रचारले भारतीय पर्यटक आगमन प्रत्यक्ष प्रभावित हुने व्यवसायी बताउँछन् । अकोतर्फ, हवाई यात्रा समेत महँगो छ । तर, विश्सनीय छैन । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले सेवा विस्तार गर्न सकेको छैन । होटल संघ नेपाल (हान) अध्यक्ष विनायक शाह भन्छन्, 'एक त नेपाल आउने कनेक्टिभिटी नै भरपर्दो छैन, अर्कातर्फ नेपाल आएपछिको आन्तरिक आवागमन सहज छैन, यो अवस्थामा पर्यटक आउनु नै ठूलो कुरा भइसक्यो ।'

नेपालले आजकै दिन कम्तीमा वार्षिक ३६ लाख पर्यटक आगमन थेग्न सक्ने सामर्थ्य बनाइसकेको भन्दै उनले त्यस अनुसार आजको आगमन ज्यादै न्यून भएको उनको प्रतिक्रिया छ । 'साढे ११ लाख पर्यटक आगमन आजको क्षमताको एक तिहाइमात्र हो,' उनी भन्छन्, 'जुन गतिमा होटल तथा आतिथ्य सेवामा लगानी भएको छ, त्यसलाई आवश्यक पर्यटक आगमन हुनै सकेको छैन ।'

यसका लागि अन्तर सरकारी समन्वय, पूर्वाधार विकासमा तीव्रता र हवाई सञ्जाल विस्तारमा तत्कालै ध्यान दिनुपर्ने उनको सुझाव छ । सरकारले बुधबार मात्र 'राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८०' को नतिजा सार्वजनिक गरेको छ । जस अनुसार नेपालमा १ लाख ४२ हजार २ सय २३ प्रतिष्ठान रहेको देखिएको छ । होटल उद्योगमा मात्र ५ खर्ब ४३ अर्ब रुपैयाँ बराबर लगानी भइसकेको देखिएको छ ।

**अमेरिकी पर्यटक दोस्रो स्थानमा, अपेक्षित आएनन् चिनियाँ**

२०२४ को कुल पर्यटक आगमन केलाउँदा पहिलो स्थानमा भारतीय पर्यटक छन् । अमेरिकी पर्यटक आगमन दोस्रो स्थानमा छ । तेस्रो स्थानमा चिनियाँ छन् । बोर्डका निर्देशक लामिछाने चीनमा आक्रामक बजारीकरण हुँदाहुँदै आगमन सुधार नभएको स्वीकार गर्छन् ।

Reg No. : 2/145(131)056/057 Pan : 301498021 बचत गरौं ढुक्कले बाचौं

सुचना । सुचना ॥ सुचना ।।।

यस संस्थाको २५ औं बार्षिक साधारण सभा तपशिल मिति समय र स्थानमा हुने भएकाले उक्त साधारणसभामा यहाँहरूको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गर्दछौं ।

तपशिल : साधारणसभामा परिचय पत्र सहित स्वयम् शेयर सदस्य उपस्थित हुनुपर्ने छ ।

मिति : २०८१ पौष २० गते शनिवार
समय : बिहान १० बजेदेखी
स्थान : श्री नवज्योती मा.बी.को प्राङ्गढ हेटौंडा ७ नामस्वती

बचत गरौं ढुक्कले बाचौं ।
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि
Hetauda Saving & Credit Co-Operative Ltd

सेवा केन्द्र कमाने ०५७ ४१२४३५ चिसापानी ०५७ ५२०५२८ हेटौंडा बजार ०५७ ५९१४३६
Gmail : Hetauda.saving@gmail.com मुख्य कार्यालय : हेटौंडा ७ नागस्वती ०५७ ५२०४३६ ,५२०५३६

## १६ वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**

मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना